# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत




"पार्वती"को "मेरी दिदी" गीत सार्वजनिक (पृष्ठ ३ मा)


❖ वर्ष ६ ❖ अंक ४ ❖ २०८३ साउन २७ गते बुधबार ❖ Wednesday, 12 Aug, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### ३२औं विश्व आदिवासी दिवस

# 'पहिचान, अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि सहकार्य आवश्यक छ'

❖ रेम वर्क तथा सांस्कृतिक प्रस्तुति ❖ नीतिगत पहल गर्न आग्रह

**- बबिलाल तामाङ**

भरतपुर। भरतपुर महानगरपालिका कार्यवाहक मेयर चित्रसेन अधिकारीले आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, परम्परा, पहिचान र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताएका छन्। कावा मेयर अधिकारीले नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) चितवनले भरतपुरमा आयोजित ३२औँ विश्व आदिवासी दिवसको अवसरमा सो बताएका हुन्।

उनले आदिवासी जनजातिको मौलिक संस्कृति, भाषा र पहिचानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै लैजानुपर्नेमा जोड दिए। संस्थाका गतिविधिमा महानगरपालिकाबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरे।





कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) बागमती प्रदेशका काजीमान थिङले आदिवासी जनजाति समुदायले आफ्नो पहिचान, भाषा, संस्कार र संस्कृतिको संरक्षणसँगै अधिकार प्राप्तिका लागि निरन्तर आवाज उठाउनुपर्ने बताए।

राज्यका सबै तहमा आदिवासी जनजातिको समान सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै अधिकार प्राप्तिका लागि एकताबद्ध भएर अघि बढ्नुपर्ने उनको धारणा थियो।

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले आदिवासी जनजातिको मौलिक संस्कृति र परम्परा नेपालको पहिचानसँग प्रत्यक्ष जोडिएको बताए। उनले यसको संरक्षण र प्रवर्द्धनमा स्थानीय तहले आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

नयाँ पुस्तालाई आफ्नो भाषा, संस्कृति र परम्परासँग जोड्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने

*(बाँकी ५ पेजमा)*

### फोनिज चितवनको २७औँ स्थापना दिवस

# अक्षय कोषका लागि पौने १ लाख संकलन

## दुई सञ्चारकर्मी सम्मानित

**- बिना तामाङ**

भरतपुर। आदिवासी जनजाति पत्रकारहरुको छाता संगठन





नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनले २७औँ स्थापना दिवस मनाएको छ। शुक्रबार नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) चितवनको सभा हलमा आयोजित कार्यक्रममा इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले बिरुवामा पानी हालेर उद्घाटन गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष गुरुङले आदिवासी जनजातिका भाषा, संस्कृति, पहिचान तथा दूरदराजका समुदायका आवाजलाई सञ्चार माध्यममार्फत उजागर गर्न फोनिजले खेलेको भूमिका प्रशंसनीय रहेको बताए। उनले स्थानीय तहबाट सञ्चालित सञ्चारमाध्यम तथा पत्रकारहरूको क्षमता अभिवृद्धिमा गाउँपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा संस्थागत सहयोगमार्फत पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएको भन्दै बिहानी

*(बाँकी ५ पेजमा)*

# लागूऔषधसहित पाँच जना पक्राउ

भरतपुर। चितवन प्रहरीले विभिन्न स्थानबाट लागूऔषधसहित पाँच जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार खैरहनी र भरतपुरका छुट्टाछुट्टै घटनामा उनीहरू पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा खैरहनी नगरपालिका-९ सुतर्नीबाट साउन १५ गते ३० वर्षीय सुरज चौधरी पक्राउ परेका छन्।

उनको साथबाट ट्रामाडोल २५० पिस बरामद भएको प्रहरीले जनाएको छ। यस्तै, सोही ठाउँका २८ वर्षीय विशाल चौधरी र २६ वर्षीय सुभाष चौधरीलाई प्रहरीले साउन २२ गते पक्राउ गरेको हो। उनीहरूको साथबाट ट्रामाडोल ३४५ पिस र २५० ग्राम गाँजाजस्तो देखिने पदार्थ बरामद भएको छ।

यस्तै, भरतपुर महानगरपालिका-२ पोखरा बसपार्कबाट पनि साउन २२ गते उदयपुरको मगरखोला घर बताउने ३२ वर्षीय दिनेश परियार पक्राउ परेका छन्।

उनको साथबाट डाइजोपाम ३२ पिस, नुफिन ३२ पिस र फेनारगन ३२ पिस गरी ९६ पिस लागूऔषध, ना ६५ प १३३७ नम्बरको स्कुटर र ६५ हजार ७ सय रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ।

सोही दिन भरतपुर महानगरपालिका-१५ बाट खैरहनी नगरपालिका-६ घर भई हाल भरतपुर महानगरपालिका-२५ शुक्रनगर बस्ने २२ वर्षीय दिनेश लामालाई पनि प्रहरीले पक्राउ गरेको थियो।

उनको साथबाट ट्रामाडोल ६० पिस बरामद भएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूविरुद्ध लागूऔषधसम्बन्धी कसुरमा जिल्ला अदालत चितवनबाट म्याद लिई थप अनुसन्धान कार्य भइरहेको छ।

# खोरसोर र कसरामा नि:शुल्क प्रवेश

सौराहा। चितवन राष्ट्रिय निकुञ्जको खोरसोरस्थित हात्ती प्रजनन केन्द्र र कसरामा रहेको गोही प्रजनन केन्द्रमा पर्यटकका लागि नि:शुल्क प्रवेश सुविधा प्रदान गरिने भएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले सङ्कलन गर्दै आएको शुल्क साउन ४ गतेदेखि लागू हुनेगरी हटाएपछि आन्तरिक तथा बाह्य पर्यटकका लागि अवलोकन शुल्क हटाइएको हो। यहाँ अवलोकनमा आउने विदेशीलाई रु १००, स्वदेशी पर्यटकलाई रु ५० र विद्यार्थीका लागि रु ३० प्रवेश शुल्क तोकिएको थियो।

सौराहा आउने पर्यटक प्रजनन केन्द्र अवलोकन गर्न रुचाउने गर्दछन्। सौराहाको हात्ती प्रजनन केन्द्रबाट रु करिब रु ७० लाख र गोही प्रजनन केन्द्रबाट करिब रु ४० लाख प्रवेश शुल्क असुली हुने गरेको थियो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्जले शुल्क लिन नियमावलीले नदिएको र ट्रष्टमार्फत शुल्क असुल गर्दा अफ्ठ्यारो हुन सक्ने भएकाले हालका लागि शुल्क हटाइएको जानकारी दिए। हात्ती प्रजनन केन्द्रमा पर्यटकले हात्तीको रहनसहन, स्याहारसुसारका बारेमा ज्ञान लिनाका साथै माउ र बच्चा खेलेको दृश्यमा रमाउने गर्छन्।

प्रजनन केन्द्रका प्रमुख मनपुरन चौधरीले यहाँ दैनिक झन्डै ४०० पर्यटक अवलोकनका लागि आउने गरेको बताउँछन्। विसं २०४४ मा स्थापना भएको उक्त केन्द्रमा अहिलेसम्म ६९ वटा छावा जन्मिएका छन्। भारतबाट चारवटा र थाइल्यान्डबाट एउटा गरी पाँचवटा हात्तीबाट हात्ती प्रजनन केन्द्र स्थापना गरिएको थियो।

प्रजनन केन्द्रमा नौ वटा माउ र सात वटा छावा छन्। गोही प्रजनन केन्द्रमा करिब ५०० गोही रहेका

*(बाँकी ५ पेजमा)*


## बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

ना ४२ प १९९७

हाम्रा सेवाहरू :

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- ❖ बालिबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- ❖ व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- ❖ अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- ❖ शंकास्पद लिंक, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- ❖ इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- ❖ सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- ❖ अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं,

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

## विश्व आदिवासी दिवसको सन्दर्भ

नेपालमा ३२ औँ विश्व आदिवासी दिवस 'हाम्रो भाषा, हाम्रो संस्कृति, हाम्रो पहिचान' भन्ने मूल मर्मसहित विविध सांस्कृतिक र्‍यालीका साथ मनाइएको छ। भृकुटीमण्डपदेखि खुलामञ्चसम्मको यात्रामा नेवार, थारु, मगर, तामाङ, शेर्पा, गुरूङ, थकाली, माझी, याख्खा, राजवंशी, सुनुवार, ह्योल्मो लगायतका समुदायले आफ्नो मौलिक भेषभूषा, बाजागाजा, लोकगीत र नृत्य प्रस्तुत गर्दै उपत्यकालाई सांस्कृतिक रङ्गमञ्चमा रुपान्तरण गरे। यसले आदिवासी जनजातिको जीवन्त पहिचानलाई सार्वजनिक रुपमा उजागर गरेको छ। सो अवसरमा सरकारका उच्चपदस्थ अधिकारीदेखि नागरिक समाज, मानवअधिकारकर्मी, शिक्षाविद्हरुको उपस्थिति रह्यो। नेपाल आदिवासी जनजाति महासंघले यस दिवसलाई इतिहास, भाषा, संस्कृति, परम्परागत ज्ञान, प्राकृतिक स्रोतसँगको सम्बन्ध र अधिकारलाई राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा सशक्त ढङ्गले उठाउने अवसरका रुपमा व्याख्या गरेको छ। संविधानले सुनिश्चित गरेका अधिकारको प्रभावकारी कार्यान्वयन, मातृभाषामा शिक्षा, भूमि र प्राकृतिक स्रोतमा पहुँच, सांस्कृतिक सम्पदाको संरक्षण अझै पनि प्रमुख चुनौतीका रुपमा रहेको महासंघको ठहर छ।

संयुक्त राष्ट्रसंले सन् १९९४ मा अगस्ट ९ लाई विश्व आदिवासी दिवसका रुपमा घोषणा गरेको हो। विश्वका करिब ४७ करोड ६० लाख आदिवासी जनजाति समुदायले सात हजार भाषामध्ये ठूलो बहुमत बोल्छन्। पाँच हजारभन्दा बढी फरक संस्कृति प्रतिनिधित्व गर्छन्। तर, उनीहरु विश्वका सबैभन्दा गरिबमध्ये १५ प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन्। यसले आदिवासी समुदायको योगदान र चुनौतीबीचको गहिरो विरोधाभासलाई देखाउँछ। नेपालको सन्दर्भमा राज्य विस्तारको इतिहास आदिवासी समुदायको दृष्टिकोणबाट स्वशासित राज्यमाथिको हस्तक्षेपका रुपमा बुझिन्छ। पृथ्वीनारायण शाहको एकीकरणदेखि राणाकालीन मुलुकी ऐनसम्मका कानुनी संरचनाले आदिवासी समुदायलाई सीमान्तकृत बनायो। विसं २०४६ पछि आन्दोलनको नयाँ चरण सुरु भए पनि संवैधानिक व्यवस्था र व्यवहारबीच अझै दूरी छ। संविधान, २०७२ ले संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्तलाई संवैधानिक स्थान दिएको भए पनि कार्यान्वयनमा चुनौती कायमै छ।

जल, जमिन र जङ्गल आदिवासी समुदायका लागि केवल प्राकृतिक स्रोत होइनन्; तिनको सम्बन्ध इतिहास, संस्कृति, धर्म, भाषा, परम्परागत ज्ञान र सामुदायिक पहिचानसँग अभिन्न छ। तर, विकासका नाममा जलविद्युत् आयोजना, सडक विस्तार, राष्ट्रिय निकुञ्ज र अन्य पूर्वाधार परियोजनाले उनीहरुलाई विस्थापित गर्ने घटना बढिरहेका छन्। दिगो विकासको आधार स्थानीय समुदायको सम्मान, अर्थपूर्ण सहभागिता र न्यायपूर्ण लाभ साझेदारीमा निहित छ। अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्रसंघको आदिवासी अधिकारसम्बन्धी घोषणा र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ ले आत्मनिर्णय, भूमि तथा प्राकृतिक स्रोतमा अधिकार, सांस्कृतिक संरक्षण र स्वतन्त्र, सुसूचित पूर्वसहमतिको सिद्धान्तलाई स्थापित गरेका छन्। नेपालले यी दस्तावेजलाई समर्थन गरेको भए पनि व्यवहारमा कार्यान्वयन अझै अपूर्ण छ। विश्व आदिवासी दिवस एउटा उत्सव मात्र होइन, ऐतिहासिक अन्याय, वर्तमान चुनौती र भविष्यका अधिकार सुनिश्चित गर्ने राजनीतिक प्रतिबद्धताको स्मरण हो। सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले आदिवासी जनजातिलाई लाभग्राही होइन, अधिकारयुक्त साझेदारका रुपमा स्वीकार गर्न सकेमात्र दीर्घकालीन समाधान सम्भव हुने देखिन्छ।

# विदेशमा पुस्तान्तरणको समस्या

## नेपाली भाषा बचाउने कि नेपालीपन ?



विचार

- ई. विजयराज भट्टराई

विदेशमा बस्ने नेपाली समुदायमा एउटा प्रश्न बारम्बार उठ्छ बच्चाहरु नेपाली सिक्नै खोज्दैनन्। करिव ८ वर्ष प्रवासमा नेपाली पाठशाला चलाएको मेरो अनुभवले लाग्छ - बच्चाहरुले नेपाली सिक्न छोडेका होइनन्, हामीले सिकाउने तरिका पुरानो भयो। सँगै अभिभावकहरुमा अर्को दोधार छ - हामीले आफ्ना सन्तानलाई नेपाली भाषा सिकाउने कि नेपाली संस्कृति, संस्कार र पहिचान जोगाउने?

धेरैका लागि यी दुई फरक विषयजस्ता देखिन्छन्। तर गहिरिएर हेर्दा भाषा र नेपालीपन एकअर्कासँग जोडिएका नदीका दुई किनार हुन्। एउटा हरायो भने अर्को कमजोर हुन्छ, तर एउटा मात्र जोगाएर पनि पूर्ण पहिचान जोगिँदैन। आज यसैमा केन्द्रीत भएर कुरा गरौँ।

आज विश्वभर फैलिएको नेपाली समुदायका अभिभावकहरू एउटा जटिल चुनौतीसँग जुधिरहेका छन्। घरभित्र नेपाली बोल्ने वातावरण घट्दै गएको छ। दोस्रो पुस्ताका धेरै बालबालिकाले नेपाली बुझ्छन् तर बोल्न हिच्किचाउँछन्। कतिपयले नेपाली भाषा कठिन ठान्छन्। कतिपय अभिभावक स्वयं व्यस्त जीवनशैलीका कारण अंग्रेजीलाई प्राथमिकता दिन बाध्य छन्। यस्तो अवस्थामा प्रश्न उठ्छ, के हामीले भाषा गुमाउँदैछौँ कि आफ्नो नेपालीपन नै?

भाषा केवल संवाद गर्ने माध्यम होइन; भाषा एउटा सभ्यता बोकेको स्मृतिको भण्डार हो। आमाले बोलाउने बोल्ने "नानी" ले उहाँले बोलाउनु भएको अवस्था अनुसार छोरा वा छोरी जो पनि हुनसक्छ। भाषा भनेको नै यही हो। हजुरआमाले सुनाउने कथा, दशैंको टीका लगाउँदा दिइने आशीर्वाद, तिहारका भैलो र देउसीका शब्दहरू यी सबै भाषामार्फत पुस्तान्तरण हुन्छन्। भाषा हराउँदै जाँदा शब्द मात्र हराउँदैनन्, ती शब्दसँग जोडिएका भावना, अनुभव र सांस्कृतिक अर्थ पनि विस्तारै हराउँदै जान्छन्।

तर नेपालीपनलाई केवल नेपाली भाषासँग मात्र बाँध्नु पनि पूर्ण सत्य होइन। संसारका धेरै समुदायले आफ्नो भाषा कमजोर भए पनि आफ्नो सांस्कृतिक पहिचान जोगाएका उदाहरण छन्। उनीहरूले आफ्नो इतिहास, मूल्य, परम्परा, कला, खानपान, पारिवारिक सम्बन्ध र सामुदायिक भावना जोगाएका छन्। त्यसैले प्रश्न "नेपाली भाषा बचाउने कि नेपालीपन बचाउने?" भन्दा पनि "नेपाली भाषा र नेपालीपनलाई कसरी सँगसँगै जोगाउने?" हुनुपर्छ। प्रायः नेपाली समाजले मन्दिर निर्माण गर्ने र आफ्नो संस्कृति पुस्तान्तरण गर्ने अभियान सर्वैतिर चलाएका छन।

विदेशमा हुर्किरहेका नेपाली बालबालिकाले नेपाली भाषा सिक्नु महत्वपूर्ण छ। तर भाषा सिकाउने तरिका पनि समय अनुकूल हुनुपर्छ। भाषा बोझ होइन, सम्बन्धको पुल बन्नुपर्छ। जब बच्चाले नेपाली बोलेर हजुरबा-हजुरआमासँग कुरा गर्न सक्छ, नेपालको कथा सुन्न सक्छ, आफ्ना पुर्खाको इतिहास बुझ्न सक्छ, तब भाषा उसको पहिचानको हिस्सा बन्छ।

आजको पुस्तालाई केवल "नेपाली बोल्नैपर्छ" भनेर दबाब दिनुभन्दा " नेपाली भाषा किन महत्वपूर्ण छ?" भन्ने बुझाउन आवश्यक छ। भाषा प्रेमबाट सिकिन्छ, डरबाट होइन। संस्कृतिको अनुभवबाट सिकिन्छ, केवल व्याकरणका नियमबाट होइन।

नेपालीपन भनेको दशैंमा टीका लगाउनु मात्र होइन। नेपालीपन भनेको ठूलालाई सम्मान गर्ने संस्कार, दुःखमा साथ दिने भावना, अतिथिलाई स्वागत गर्ने संस्कृति, आफ्नो इतिहासप्रति गर्व गर्ने चेतना र विविधताबीच एकताको भावना हो। यी मूल्यहरू नयाँ पुस्तामा हस्तान्तरण भए भने नेपालीपन जीवित रहन्छ।

प्रवासी नेपाली समाजका लागि यो चुनौती अझ गम्भीर छ। नेपालबाट टाढा हुँदा मातृभूमिको सम्झना झन् गहिरो हुन्छ, तर नयाँ पुस्ताका लागि नेपाल उनीहरूको प्रत्यक्ष अनुभव भन्दा बढी पारिवारिक कथाहरूमा बाँचेको हुन्छ। त्यसैले अभिभावक, विद्यालय, सामुदायिक संस्था र सांस्कृतिक केन्द्रहरूको भूमिका महत्वपूर्ण हुन्छ।

हामीले आफ्ना बालबालिकालाई नेपाली भाषा सिकाउँदा उनीहरूलाई केवल शब्द होइन, एउटा संसार दिइरहेका हुन्छौं। तर भाषा सिकाउने क्रममा उनीहरूको वर्तमान संसारलाई पनि सम्मान गर्नुपर्छ। उनीहरू अमेरिकी, अस्ट्रेलियन, बेलायती वा अन्य देशका नागरिक भएर पनि नेपाली मूलका हुन। पहिचान बहुआयामिक हुन्छ र उनीहरुलाई त्यो बुझाउन सक्नुपर्छ।

नेपालीपन कुनै एउटा भौगोलिक सीमाभित्र बन्द भएको वस्तु होइन। यो समयसँगै विकसित हुने जीवित संस्कृति हो। आजको नेपालीपन हिजोको जस्तो मात्र हुन सक्दैन। विदेशमा जन्मिएको नेपाली बालबालिकाको नेपालीपनमा नेपाली भाषा, स्थानीय संस्कृति र विश्वव्यापी सोच सबै मिसिएका हुन्छन्।

त्यसैले हाम्रो लक्ष्य भाषा बचाउने मात्र होइन, भाषा हुँदै नेपालीपन बचाउने हुनुपर्छ। भाषा हाम्रो जराको पानी हो, तर नेपालीपन त्यो रूखको सम्पूर्ण अस्तित्व हो। जरालाई सिँचाइ गर्नुपर्छ, तर हाँगा-पातलाई पनि फैलिन दिनुपर्छ।

मेरो आफ्नै अनुभवले पनि यही सिकायो। ग्लोबल नेपाली पाठशालामा प्राचार्यका रूपमा कार्य गर्दा एउटा प्रश्नले मलाई निरन्तर घच्घच्यायो "यदि नेपाली विषय मात्र नभएर सिकाइको माध्यम बन्यो भने के होला?"

त्यही सोचका आधारमा नेपाली भाषालाई क्त्भः, ऋयमष्लन र एचयवभअत-द्यबकभम ीभबचलष्लन सँग जोड्ने प्रयास गरियो। कोडिङ सिकाउँदा विद्यार्थीलाई नेपालको विषयवस्तुमा आधारित वेबसाइट बनाउन लगाइयो। "नेपाल", "हिमाल", "लुम्बिनी", "चाडपर्व", "नेपाली खाना" जस्ता मेनु बनाएर उनीहरूले एकै समयमा कोडिङ पनि सिके, नेपाली शब्द पनि सिके, नेपालको भूगोल र संस्कृतिसँग पनि परिचित भए। त्यो अनुभवले एउटा स्पष्ट सन्देश दियो, बालबालिका नेपाली सिक्न तयार छैनन् भन्ने होइन; उनीहरू अर्थपूर्ण तरिकाले सिक्न चाहन्छन्।

यही कारणले हामीले "नेपाली पढाउने" होइन, "नेपाली मार्फत पढाउने" सोच विकास गर्नुपर्छ। जस्तै ऋयमष्लन नेपाली मार्फत, क्अष्भलअभ नेपाली मार्फत, क्तयचथतभर्ीष्लिन नेपाली मार्फत, ीभबमभचकजष्उ नेपाली मार्फत, ब्चतष्अर्ष्बा क्ष्लतभिष्भिलअभ नेपाली मार्फत इत्यादि।

नेपाल भाषा सिक्ने विषय मात्र होइन; सिकाइको सन्दर्भ बन्नुपर्छ।

यसका लागि केही नीतिगत परिवर्तन आवश्यक छन्। डायस्पोराका लागि छुट्टै ज्भचष्तबनभ ल्भउबष्ि ऋगचचष्अगगिँ चक्भधयचप तयार गरिनुपर्छ। अमेरिकामा जन्मिएका बालबालिका र नेपालबाट आएका बालबालिकाका लागि फरक सिकाइ मार्ग विकास गरिनुपर्छ। शिक्षक प्रशिक्षणमा न्भलभचबतष्यल बउिजब को सिकाइ मनोविज्ञान, द्विभाषिक शिक्षा, डिजिटल शिक्षण र परियोजनामूलक सिकाइ समावेश गरिनुपर्छ। मूल्याङ्कन केवल वर्ण चिन्न सक्यो कि सकेन भन्ने आधारमा होइन, भाषा प्रयोग, प्रस्तुति, सिर्जनशीलता, परियोजना र सांस्कृतिक सहभागिताका आधारमा गरिनुपर्छ। अभिभावकलाई पनि पाठ्यक्रमको साझेदार बनाइनुपर्छ, किनकि भाषा विद्यालयभन्दा बढी घरमा बाँच्छ।

अन्ततः प्रश्न "नेपाली भाषा बचाउने कि नेपालीपन बचाउने?" होइन। वास्तविक प्रश्न हो, हामीले आउने पुस्तालाई कस्तो नेपालीपन हस्तान्तरण गर्ने?

यदि भाषा प्रेम, संस्कृति चेतना र आधुनिक सोचसँग जोडियो भने नेपालीपन पुस्तौँसम्म जीवित रहनेछ। किनकि भाषा बोल्ने मानिस मात्र नेपाली हुँदैन; आफ्नो इतिहास सम्झने, संस्कृतिलाई सम्मान गर्ने र मानवीय मूल्यलाई जोगाउने मानिस पनि नेपाली हुन्छ।

*(लेखक ग्लोवल नेपाली पाठशालाका पूर्व प्रिन्सिपल हुनुहुन्छ।)*

# नेपाल सिएमए संघ चितवनमा पाण्डे

भरतपुर। नेपाल सिएमए संघ जिल्ला कार्यसमिति चितवनको अध्यक्षमा दिनेश पाण्डे चयन भएका छन्।

भरतपुरमा सम्पन्न पाँचौं जिल्ला अधिवेशनबाट पाण्डेको अध्यक्षतामा ११ सदस्यीय नयाँ जिल्ला कार्यसमिति चयन गरिएको हो। समितिको उपाध्यक्षमा गोविन्दप्रसाद नेपाल र सचिवमा नवराज कँडेल चयन भएका छन्। अधिवेशनले चार केन्द्रीय प्रतिनिधिको चयन गरेको छ।

नवनिर्वाचित जिल्ला अध्यक्ष पाण्डेले चितवनका सम्पूर्ण पारामेडिक्स स्वास्थ्यकर्मीलाई एकताबद्ध गर्दै पेसागत हक, हित र अधिकारको रक्षाका लागि संगठनलाई थप मजबुत र प्रभावकारी बनाउँदै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

जिल्ला अध्यक्ष रामजी घिमिरेको अध्यक्षतामा सम्पन्न अधिवेशनमा संघका केन्द्रीय उपाध्यक्ष तथा बागमती प्रदेश संयोजक कपिल खनाल प्रमुखअतिथि रहेका थिए। केन्द्रीय उपाध्यक्षद्वय गोपाल उपाध्याय र काशिराम अर्याल विशिष्ट अतिथि, नेपाल औषधि व्यवसायी संघका केन्द्रीय सदस्य तथा नेपाल सिएमए संघका सल्लाहकार संयोजक बद्रि खनाल र औषधि व्यवसायी संघ चितवनका अध्यक्ष इन्द्रराज गैरे सहभागी थिए।

कार्यक्रममा सहभागीहरुले पारामेडिक्स स्वास्थ्यकर्मीका साझा पेसागत मुद्दा र चुनौतीको समाधानका लागि आपसी एकता, सहकार्य र संगठनात्मक सक्रियता आवश्यक रहेको धारणा राखेका थिए।

कार्यक्रममा नेपाल सिएमए संघका केन्द्रीय उप-महासचिव ईश्वर चापागाईं (नवीन) ले संघका सांगठनिक गतिविधि, पारामेडिक्स स्वास्थ्यकर्मीको पेसागत हक, हित तथा अधिकार संरक्षणका लागि संघले गरेका पहल, राज्यसँग भएका सहमति तथा कार्यान्वयनको अवस्था, पेसागत चुनौती र भावी कार्ययोजनाबारे जानकारी गराए।

उनले पारामेडिक्स स्वास्थ्यकर्मीको पेसागत सुरक्षा र अधिकार संरक्षणका लागि संगठनलाई थप संगठित, एकताबद्ध, मजबुत र सङ्घर्षशील बनाउनु अपरिहार्य रहेको बताउँदै चितवनका सम्पूर्ण सिएमए र अहेव स्वास्थ्यकर्मीलाई साझा पेसागत मुद्दामा एकताबद्ध भएर अघि बढ्न आह्वान गरे।

सोही अवसरमा पारामेडिक्स स्वास्थ्यकर्मीका विभिन्न पेसागत माग सम्बोधन गराउन आफ्नो जिउ-ज्यानको समेत प्रवाह नगरी लगातार पाँच दिन सत्याग्रह (आमरण अनसन) बसेर तत्कालीन राज्यसत्तालाई माग सम्बोधन गर्न बाध्य पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका संघका केन्द्रीय उपाध्यक्ष गोपाल उपाध्यायलाई सम्मान गरिएको थियो।


न्यूज प्रवाह साप्ताहिक इ–पेपरमा

login : www.newsprabah.com

https://newsprabah.com/e-paper/

# कोडफेस्ट नेपाल-२०२६ को प्रादेशिक हयाकथन

भरतपुर। राष्ट्रिय ह्याकथन कोडफेस्ट नेपाल-२०२६ अन्तर्गत चितवन प्रादेशिक चरणको ह्याकथन भरतपुर-२, क्षेत्रपुरस्थित फोब्स कलेजमा आयोजना हुने भएको छ।

यही साउन २९ गतेदेखि ३१ गतेसम्म आयोजना हुने प्रतियोगिताका लागि साउन २५ गतेसम्म आवेदन खुला रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

कार्यक्रमको बारेमा जानकारी दिँदै कोडफेस्ट नेपाल चितवन टिमका परियोजना उपप्रमुख आशुतोष देवकोटाले आइटीका विद्यार्थीलाई प्रतियोगितामा मात्रै सीमित नराखी उनीहरुलाई उद्योग, अनुसन्धान, स्टार्टअप तथा नवप्रवर्द्धन इकोसिस्टमसँग जोड्ने उद्देश्यले विगत चार वर्षअघिदेखि सो कार्यक्रम गर्दै आएको बताए।

कार्यक्रममा फोब्स कलेजका प्राचार्य हरिशरण पाठक, सहप्राचार्य योगेन्द्र मल्ल र विभागीय प्रमुख ई. राजकुमार सापकोटाको उपस्थिति रहेको थियो।

सहप्राचार्य मल्लले आइटी पढ्ने विद्यार्थीहरुलाई इन्डस्ट्रीसँग जोड्ने काम गर्ने र फोब्स कलेजले म्यानेजमेन्ट प्लस स्पटको सुविधा प्रदान गर्ने बताए।

कोडफेस्ट नेपाल चितवन टिमका पब्लिक रिलेसन चिफ सिद्धान्त सोडारीले प्रादेशिक चरणमा हुन लागेको सो ह्याकथनमा २० वटा टिमले इनोभेसन, एप्लिकेसन, वेभसाइट, मोबाइल, डेटा, दिगो विकास लक्ष्यमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, पर्यटन, डिजिटल गभर्नेनस, सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन र एआईमा आधारित सूचना प्रविधिलगायतका कार्यक्रमहरु निर्माण गर्ने जानकारी दिए।




प्रतियोगितामा छनोट भएका उत्कृष्ट टोलीले काठमाडौंमा हुने नेसनल फिनालेमा सहभागिताका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा प्लस टु र व्याचलर लेभलका विद्यार्थीले दुईदेखि चार जनाको समूह बनाएर सहभागिता जनाउन सक्नेछन्।

प्रतियागिताका लागि आवेदन परेकामध्येबाट २० टिम छनोट हुनेछन्। उनीहरुलाई तीन दिनको ह्याकथनमा प्रवेश गराइने छ। उनीहरुले टेक्नोलाजी एक्पर्ट, बिजनेस एक्सपर्ट र मार्केटिङ एन्ड इनोभेसन एक्सपर्टहरुको मार्गदर्शनमा आफ्नो परियोजना विकास गर्नेछन्।

चितवन प्रादेशिक ह्याकथनका च्याम्पियन, रनर अफ र सेकेन्ड रनर अफलाई ट्रफी, मेडल, गिफ्ट ह्याम्पर, डिजिटल एसोसेरिजलगायतका उपहार प्रदान गरिने छ। फोब्स कलेजले कार्यक्रमको सहजीकरण एवम् भेन्यु उपलब्ध गराउने छ भने लर्ड्स सिबिसी प्लाजाले हस्पिटालिटीको प्रबन्ध गर्नेछ।

च्याम्पियन टिमले नेसनल फिनालेमा सहभागिता जनाइ तीन लाख रुपैयाँको नेसनल प्राइज पुललगायत थुप्रै अवसर र गिफ्ट ह्याम्परहरु प्राप्त गर्नेछन्।

# चित्रकलामा सनराइजकी काव्या भइन् प्रथम

भरतपुर। लियो क्लब अफ भरतपुर युथको आयोजना एवम् लायन्स क्लब अफ भरतपुर युथको प्रायोजनमा 'महिला सशक्तीकरण र लैङ्गिक समानता' विषयक जिल्लास्तरीय चित्रकला प्रतियोगिता भरतपुर स्थित अर्किड स्कुलमा सम्पन्न भएको छ।

विद्यार्थीहरुमा लुकेर रहेको कलात्मक प्रतिभा प्रस्फुटन गराउने र सामाजिक विषयवस्तुप्रति सचेतना फैलाउने उद्देश्यले आयोजित सो प्रतियोगितामा चितवन जिल्लाका २० वटा विद्यालयका ३४ जना प्रतियोगी विद्यार्थीले सहभागिता जनाएका थिए। जसमा सनराइज स्कुलकी काव्या आचार्यले प्रथम स्थान हासिल गरेकी छन्। यस्तै, ओम शान्ति स्कुलका साइमन सिङ द्वितीय र नारायणी मोडल स्कुलकी जेनिशा सारु मगर तृतीय भएकी छन्।

कार्यक्रममा लियो क्लब अफ भरतपुर युथका अध्यक्ष सङ्गम पोखरेलको सभापतित्व एवम् लियो जिल्ला परिषद् ३२५ 'आर'का अध्यक्ष लियो-लायन आत्माराम पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो। यस्तै, अर्किड स्कुलका अध्यक्ष आकाश पौडेल, लायन्स क्लब अफ भरतपुर युथका अध्यक्ष बालचन्द्र पोखरेल, लियो-लायन नितिन बस्नेतलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा प्रमुखअतिथि पाण्डे तथा सभापति पोखरेलले विद्यार्थीहरुले क्यानभासमा उतारेका चित्रहरुले महिला सशक्तीकरणको गहिरो सन्देश दिएको बताए। उनीहरुले विजयी तथा सहभागी विद्यार्थीहरुलाई बधाई दिँदै उनीहरुको उज्ज्वल भविष्यको कामना गरे।




# स्वास्थ्य/खेलकुद



## आँप खाएपछि खान नहुने यी छन् ७ खानेकुरा

*- डा हेमराज कोइराला*

आँपलाई फलफूलको राजा पनि भनिन्छ। स्वाद र सन्तुष्टि दुबैका दृष्टिकोणले आँपलाई धेरैले मन पराउने गरेका छन्। आँपलाई फलको रूपमा मात्र नभएर ताजा अचार, संरक्षित अचार, जुस, सेक, सलाद, जाम आदीको रूपमा पनि खाने गरिएको छ। आँपका पारखीहरूले आँपलाई अनेकौ खानेकुराहरूका साथमा खाने गरेका छन्। यसरी विभिन्न बस्तुहरूसँग आँप खाँदा अथवा आँप खाने वित्तिकै अन्य चीजहरू खाँदा यो संयोगले स्वास्थ्यको लागि राम्रो गर्दछ कि गर्दैन भन्ने कुराको ज्ञान हुन जरूरी छ। नत्र यो संयोगले स्वास्थ्य चौपट बनाउन पनि सक्दछ। यसर्थ आँपसंग एकसाथ खाननहुने यी खानेकुराहरूलाई सबैले बुझ्न आवश्यक छ।



१. करेलाः आँप र करेलालाई एकसाथ खानु वा आँप खाएपछि करेलाको तरकारी खानु वा करेलाको तरकारी खाए पश्चात आँप खानु स्वास्थ्यको लागि हानिकारक हुन सक्दछ। आँप खाए पछि वा अघि तीतेकरेलाको सेवन गर्दा वाकवाकी लाग्ने, वान्ता हुने, श्वास फूल्ने र पखाला चल्ने जस्ता लक्षणहरू देखापर्दछन्।

२. तातो दुधः

तातो दुधः तातो दुध खाने वित्तिकै आँप खानु वा आँप खाने बित्तिकै तातो दुध पिउनु हुदैन। प्राकृतिक चिकित्सामा आँपलाई चिसो दुधसँग पनि नखानु भनिएको छ। आँपलाई दुधसँग खाने गर्दा पाचन क्रियामा समस्या आउने गर्दछ।

३. खुसर्नीः आँप खाए लगत्तै खुर्सानी वा अन्य पिरो हालीएको खानेकुरा खानु हुँदैन। आँप र खुर्सानीको सेवनले एकसाथ वा लगत्तै सेवनले पेट र छालाको समस्या निम्त्याउदछ भने वाकवाकी लाग्ने, पखाला चल्ने समेत हुने गर्दछ।

४. दहीः हुनत धेरैले आँपलाई दहीसँग पनि खाने गरेका छन् तर दही र आँपलाई एकसाथ खाँदा स्वास्थ्यलाई हानी पुग्दछ। किनकी दही र आँपको प्रकृति मिल्दैन। दही चिसो प्रकृतिको हो भने आँप उष्ण प्रकृतिको खानेकुरा हो। दही र आँपको एकसाथ सेवनले पाचन समस्या र दीर्घकालमा गएर छालाको समस्या निम्त्याउदछ।

५. पानीः आँप खाने बित्तिकै पानी पिउदा आँपको पाचनको लागि आवश्यक ईन्जाईमहरूलाई पानीले निष्तेज बनाई दिनेहुँदा आपको पाचन ठीकसंग नहुने र बिजातीय द्रव्यको उत्पादन धेरै भएर शरीरमा अनेकौ दोष संञ्चय हुनेहुँदा आँप खाने वित्तिकै पानी पिउनु र पानी पिए लगत्तै आँप खानु हुदैन।

६. कोल्डड्रिङ्कसः आँप र कोल्डड्रिङ्कसको प्रयोगलाई पनि सर्वथा बर्जीत मानिएको छ। आँपसँग कोल्डड्रिङ्कस खाँदा कोल्डड्रिङ्कसले आँपलाई पूर्णरूपमा विकृत बनाई दिन्छ पाचनमा समस्या, वाकवाकी, बान्ता पखाला आदि हुन्छ। यसैगरि आँपको पोषक तत्वलाई कोल्डड्रिङ्कसको कार्बनडाईअक्साईडले नष्ट गरिदिने हुँदा एकसाथ वा खाने बित्तिकै खानु हुँदैन।

७. तारे भूटेका खानेकुराः आँप र तारे भूटेका खानेकुराहरू पनि एकसाथ खानु हुदैन। किनकी तारेभूटेको खानेकुराहरूमा उच्चमात्रामा कर्बन हुन्छ जसले आँपको पोषक तत्वहरूलाई नष्ट गर्नुका साथै आँपसंग मिलेर विषक्तता पैदा गर्दछ।

# माडी जाने सडकको झाडी सफाइ सुरु

भरतपुर। चितवनको भरतपुर महानगरबाट चितवन राष्ट्रिय निकुञ्ज हुँदै माडी जाने सडकको छेउछाउमा बढेको झाडी सफाइ गर्न थालिएको छ। बर्खाको समयमा सडकको दायाँबायाँ झाडी बढ्दै जाँदा वन्यजन्तु लुकेर बस्ने र सवारीसाधन तथा यात्रुमाथि आक्रमण गर्नसक्ने, दुर्घटनाको जोखिम बढ्ने भएकाले सडक छेउको झाडी फँडानी गर्न थालिएको हो।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार निकुञ्ज, स्थानीय तह र सडक डिभिजन कार्यालयबीचको समन्वयमा सडक डिभिजनले आजदेखि झाडी सफाइको काम सुरु गरेको हो। निकुञ्जको कसरा चोकबाट रिउखोलासम्मको सडक क्षेत्रमा झाडी सफाइ गरिने उनले जानकारी दिए।

'सडक छेउछाउमा वन्यजन्तु लुकेर बस्न सक्ने भएकाले यात्रुको सुरक्षालाई ध्यानमा राखेर झाडी फँडानी गर्न अनुमति दिइएको हो', उनले भने।

निकुञ्जभित्रका वन्यजन्तु तथा मुख्य वनस्पतिमा असर नपर्ने गरी आवश्यक क्षेत्रको मात्र झाडी फँडानी गर्न अनुमति दिइएको थापामगरले बताए। सडक डिभिजन कार्यालयले झाडी सफाइसँगै सडकमा रहेका खाल्डाखुल्डी पुर्ने तथा आवश्यक मर्मतसम्भारको कामसमेत सुरु गरेको छ।

माडी आवतजावत गर्ने मुख्य सडकका रूपमा रहेको उक्त सडकमा वर्षायाममा सडक छेउछाउमा झाडी बढ्ने गरेकाले सवारी चालकलाई वन्यजन्तु देख्न कठिन हुने गरेको छ। झाडी सफाइपछि सडकको दृश्यता बढ्नुका साथै वन्यजन्तु र यात्रु दुवैको सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

# एक्सपर्ट चितवनले मनायो २३औँ वार्षिकोत्सव

भरतपुर । एक्सपर्ट एजुकेशन एन्ड भिजा सर्भिसेज चितवनले २३औं वार्षिकोत्सव मनाएको छ। शनिबार भरतपुर-१०, स्थित बेस क्याम्पमा एक विशेष कार्यक्रम गर्दै एक्सपर्टले वार्षिकोत्सव मनाएको हो। एक्सपर्ट हेटौंडा, कावासोती र चितवनमा रहेका ३ वटा शाखा गरी चितवन रिजनका सबै परिवार एक ठाउँमा भेला भएर विभिन्न कार्यक्रम, सम्मान र आत्मीयताका साथ वार्षिकोत्सव मनाएको हो।

वार्षिकोत्सवको अवसरमा चितवनको विकट क्षेत्र शक्तिखोरमा रहेको चेपाङ छात्रावासमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न शैक्षिक सामग्री सहयोग गरिएको थियो। शिक्षा र विद्यार्थीको हितमा आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यहरूलाई निरन्तरता दिने एक्सपर्ट चितवनका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले जानकारी दिए।

वार्षिकोत्सवको अवसरमा एक्सपर्टले काउन्सलरहरूबीच अन्तरशाखा हाजिरीजवाफ प्रतियोगिता समेत सम्पन्न भएको छ। उक्त प्रतियोगितामा रत्ननगरबाट सहभागी समूह 'बी'ले प्रथम स्थान हासिल गर्न सफल भयो भने समूह 'ए'ले द्वितीय स्थान हासिल गर्न सफल भयो।

हेटौँडा शाखा निकै प्रतिस्पर्धात्मक प्रतियोगितामा कावासोतीलाई पराजित गर्दै तृतीय स्थान हासिल गर्न सफल भयो। तेस्रो स्थानको लागि हेटौंडा र कावासोतीका समान १५० अंक पुगेपछि यी दुई टिमलाई पुनः दुई चरणमा प्रतिस्पर्धा गराउनुपरेको थियो।

पहिलो चरणको पुनः अंक बराबर भएपछि दोस्रो चरणमा हेटौंडाले बाजी मारेको थियो।




रमाइलोका साथै ज्ञान, टिम स्प्रिट र आपसी सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले गरिएको यस प्रतिस्पर्धामा सबै टिमले उत्साहपूर्वक सहभागिता जनाएको थियो।

उत्कृष्ट प्रदर्शन गर्ने प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः २० हजार रुपैयाँ ,१० हजार रुपैयाँ रु. ५,००० नगद पुरस्कार प्राप्त गर्न सफल रह्यो।

# आरम्भ कलेजको 'आरम्भ स्टुडेन्ट्स एक्सलेन्स समिट'

भरतपुर। आरम्भ कलेज, भरतपुरले विद्यार्थीहरूको नेतृत्व क्षमता, व्यक्तित्व विकास र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले 'आरम्भ स्टुडेन्ट्स एक्सलेन्स समिट' कार्यक्रम सम्पन्न गरेको छ।

शनिबार मौलाकालिकास्थित इला रिसोर्टमा सम्पन्न कार्यक्रममा वित्तीय साक्षरता, व्यवस्थापन तथा योजना, स्टार्टअप र उद्यमशीलता मनोविज्ञान, रणनीतिक व्यवस्थापन, आत्मविश्वास अभिवृद्धि तथा सार्वजनिक कार्यक्रममा बोल्ने कलालगायतका विषयमा विद्यार्थीहरुलाई प्रशिक्षण दिइएको हो।

कलेजका प्रिन्सिपल सुरज शिवाकोटीका अनुसार कार्यक्रममा विद्यार्थीहरूले विज्ञहरूसँग प्रत्यक्ष संवाद गर्दै नेतृत्व, नवप्रवर्तन र व्यावसायिक विकाससम्बन्धी ज्ञान तथा अनुभव हासिल गरेका छन्।

समिटमा नेपाली युवा उद्यमी मञ्च (एनवाइइएफ) चितवन च्याप्टरकी उपाध्यक्ष सन्ध्या कँडेल, एफसिए निसान पौडेल र मनोज पन्तले प्रशिक्षण दिएका थिए।

कार्यक्रमले विद्यार्थीमा नेतृत्व विकास, आत्मविश्वास अभिवृद्धि, नवप्रवर्तनशील सोच जगाउने विश्वास आरम्भ कलेजले लिएको प्रिन्सिपल शिवाकोटीले बताए। कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई सहभागिता प्रमाणपत्रसमेत प्रदान गरिएको थियो।

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।




## फिल्म/मनोरञ्जन

# "पार्वती"को "मेरी दिदी" गीत सार्वजनिक

काठमाडौं। अभिनेत्री नीता ढुंगानाको डेब्यू निर्देशकीय फिल्म 'पार्वती'को नयाँ गीत 'मेरी दिदी' सार्वजनिक गरिएको छ। सोमबार काठमाडौंको




कीर्तिपुर सिनेप्लेक्समा आयोजित एक कार्यक्रमका बीच निर्माण पक्षले बाल गायक अशोक दर्जीको स्वरमा रहेको मर्मस्पर्शी गीत दर्शकमाझ ल्याएको हो। कार्यक्रममा अशोकले ब्यान्डको साथमा सांगीतिक प्रस्तुति पनि दिएका थिए।

धनबहादुर गिरी (बाबुल)को शब्द तथा संगीत रहेको गीतमा दिदीभाइको सम्बन्धलाई मुख्य विषय बनाएर रक्षाबन्धनको प्रसंग जोडिएको छ। टाढा गएकी दिदीलाई सम्झँदै भाइले गरेको बिलौना गीतमा सुन्न सकिन्छ। भिडियोमा नीता ढुंगाना र अशोक दर्जी देखिएका छन्। नीताले फिल्ममा अटिजम भएकी पार्वती पात्रको भूमिकामा अभिनय गरेकी छन्।

जनै पूर्णिमाको अवसर पारेर भदौ १२ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा नीता र अशोकसहित दीपाश्री निरौला, राज पंगेनी शर्मा, सिरु विष्ट, राधिका कँडेल, राजेन्द्र नेपाली, आशा पौडेल, सुवास गजुरेललगायतका कलाकारहरूको अभिनय रहेको छ। फिल्मलाई ज्योतिष तथा अभिनेता हरिहर अधिकारीले निर्माण गरेका हुन्। कार्यकारी निर्मातामा शंकर पाण्डे रहेका छन्।

नीता फिल्म्सको प्रस्तुति रहेको फिल्मको कथा नीता स्वयंको हो भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन्। फिल्ममा सुदीप बरालको छायांकन, साहिल खानको सम्पादन, एलिस कार्की र शिवम् रसाइलीको पार्श्व संगीत, प्रशान्त सिवाकोटी, बाबुल गिरी, सिद्धार्थ सरकार पौडेल र दीपक शर्माको संगीत तथा रामजी लामिछानेको नृत्य निर्देशन संगीत रहेको छ। - फिल्मीखबरबाट।

# महिला हिंसाको कथामा "अक्षरा"

काठमाडौं। विनयराज पौडेलको निर्देशनमा बनेको फिल्म 'अक्षरा'को टिजर सार्वजनिक गरिएको छ। सोमबार युट्युबमार्फत सार्वजनिक २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु संक्षिप्तमा प्रकाश पारेको छ। अभिनेता सुशील सिटौला र अभिनेत्री न्यान्सी खड्कालाई केन्द्रमा राखिएको टिजरमा महिलामाथि हुने हिंसालाई मर्मस्पर्शी रूपमा देखाइएको छ।




टिजरअनुसार न्यान्सीको धनाढ्य परिवारका युवक (सुशील)सँग विवाह हुन्छ। तर, विवाहअघि सोझा र इमानदार देखिएका सुशीलले विस्तारै मदिरा सेवन गरेर श्रीमतीमाथि कुटपिट गर्न थाल्छन्। त्यसपछि न्यान्सीको पात्रले भोग्नुपर्ने कठिन परिस्थितिलाई टिजरमा देखाउन खोजिएको छ। टिजर हेर्दा पारिवारिक कथावस्तु मनपर्ने दर्शकलाई फिल्म रुचिकर हुने देखिन्छ।

भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा सुशील र न्यान्सीसहित रिस्ता बस्नेत, सुशील पोखरेल, उत्तम केसी, अंशु महर्जन, पुष्कर राउत, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी, सुमन ज्योति न्यौपाने, सृष्टि खड्का, रोनक खड्का, प्रीसा ढुङ्गाना, त्रिलोचन न्यौपानेलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ।

सोनी थापा (ढुङ्गाना) प्रस्तुतकर्ता रहेको फिल्ममा उग्रसेन ढुङ्गाना र सुग्रसेन ढुङ्गाना निर्माताको रूपमा छन्। कार्यकारी निर्मातामा सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन्। फिल्ममा उग्रसेन ढुङ्गानाको कथा, अभिमन्यु निरवी र विनयराज पौडेलको पटकथा तथा संवाद, दिपेन बस्न्यातको छायांकन, शंकर महर्जनको द्वन्द्व निर्देशन तथा गौतमराज खड्काको सम्पादन रहेको छ।

# हुलाकबाट एक करोड राजस्व सङ्कलन

भरतपुर । जिल्ला हुलाक कार्यालय चितवनले गत आर्थिक वर्षमा एक करोड नौ लाख १७ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। कार्यालयले हुलाक टिकट बिक्री, काउन्टर अटोमेसन, पार्सल तथा रोयल्टीलगायतका विभिन्न सेवा शुल्कबाट उक्त राजस्व सङ्कलन गरेको हो।

कार्यालय प्रमुख शालिकराम बस्यालका अनुसार समीक्षा अवधिमा सङ्कलित कुल राजस्वमध्ये हुलाक टिकट बिक्रीबाट ५८ लाख ७२ हजार रुपैयाँ तथा काउन्टर अटोमेसन, पार्सल र रोयल्टीलगायतका अन्य सेवा शुल्कबाट ५० लाख ४४ हजार रुपैयाँ सङ्कलन भएको हो। गत आवमा कार्यालयले ९१.११ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ। विनियोजित कुल छ करोड ३३ लाख ६१ हजार रुपैयाँ वार्षिक बजेटमध्ये पाँच करोड ७७ लाख ३२ हजार रुपैयाँ खर्च भएको कार्यालय प्रमुख बस्यालले जानकारी दिए।

नेपाल सरकारको निर्णयअनुसार गत वर्षदेखि चितवनमा 'एक स्थानीय तह, एक हुलाक'को नयाँ सङ्गठनात्मक संरचना कार्यान्वयनमा ल्याइएको छ। हाल जिल्लाका छवटा स्थानीय तह राप्ती, खैरहनी, रत्ननगर, कालिका र माडी नगरपालिका तथा इच्छाकामना गाउँपालिकामा पालिका हुलाक कार्यालय सञ्चालनमा रहेका छन्। यसबाहेक भरतपुरमहानगरपालिकाभित्र चनौली, जगतपुर र नारायणगढमा तीनवटा हुलाक काउन्टर तथा १२ अतिरिक्त हुलाक कार्यालयमार्फत सेवा प्रवाह भइरहेको छ।

जिल्लामा स्वीकृत ५३ दरबन्दीमध्ये गत वर्ष स्थायी २६ र करारमा २३ गरी ४९ कर्मचारी कार्यरत रहेका थिए। चार पद रिक्त रहेको कार्यालयले जनाएको छ। यसबाहेक २२ जना अतिरिक्त हुलाक जनशक्ति कार्यरत छन्।

सञ्चार क्षेत्रतर्फ कार्यालयले जिल्लाका ३५ वटा सञ्चारमाध्यमलाई ६० लाख २४ हजार रुपैयाँ लोककल्याणकारी विज्ञापनबापत भुक्तानी गरेको छ।


यस्तै, १७ एफएम रेडियो नवीकरण, २२ पत्रकारलाई परिचयपत्र वितरण तथा १९ अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण गरिएको कार्यालय प्रमुख बस्यालले जानकारी दिए।

विज्ञापन गर्नु परेमा

सम्पर्क :
९८४५०६७४१४
९८०९२५८००६

# माडीमा विद्युत् लैजान निकुञ्जको तार भूमिगत

भरतपुर। चितवन राष्ट्रिय निकुञ्जको आठ किलोमिटर क्षेत्रमा विद्युतीय तार भूमिगतको काम अघि बढेको छ। नेपाल विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयले बोलपत्र आह्वान गरी ठेक्का सम्झौता गरेसँगै काम अघि बढेको हो। करिब रु १७ करोड ८६ लाखको लागतमा २५ मेघावाट विद्युत् प्रवाह हुने गरी शारदा एण्ड सुम्नीमा भिसान जेभीले काम अघि बढाएको हो। अहिले भएको भूमिगत विद्युतीकरणमा पटकपटक समस्या आएपछि पुनः नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयले जनाएको छ।



पहिलाको भूमिगत विद्युतीकरणमा राखिएको तार आठ मेघावाटको हुँदा समयसमयमा समस्या आउने गरेको कार्यालयका प्रमुख जितेन्द्रकुमार झाले बताए। उनका अनुसार पुरानो ठाउँबाट नभई नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको हो।

समयसमयमा विद्युत् प्रवाहमा समस्या आउने र समस्या पहिचान गर्न लामो समय लाग्ने हुँदा नयाँ भूमिगत विद्युतीकरण गर्न लागिएको उनले जानकारी दिए। ठेक्का सम्झौतासँगै ठेकेदार कम्पनीले भूमिगत विद्युतीकरणका लागि नक्साङ्कनको काम सम्पन्न गरेर २५ मेघावाटको विद्युत् प्रवाह गर्न सक्ने तारको खरिद प्रक्रियामा रहेको कार्यालयका प्रमुख झाले उल्लेख गरे। वर्षात सकिएसँगै कामले तीव्रता पाउने उनले बताए।

माडीमा नेपाल विद्युत् प्राधिकरण चनौली वितरण केन्द्रले विद्युत् प्रवाह गर्दै आएको छ। जहाँ ११ हजार ७०० ग्राहक रहेको वितरण केन्द्रका प्रमुख रुद्रराज विष्टले जानकारी दिए। उनका अनुसार घरायासी एवं सिँचाइको प्रयोजनका लागि ती ग्राहक रहेका छन्।

जिल्लाका माडी नगरपालिलाई चारैतिर जङ्गलले घेरेको छ। धेरैजसो भागमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछ। माडीवासी सदरमुकाम भरतपुर आउजाउ गर्न निकुञ्जकै बाटो प्रयोग गर्नुपर्दछ। गत वैशाख ७ गते नौ महिनाभित्र काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता पछि काम अघि बढेको हो।

# ६०० विद्यार्थीको दन्त परीक्षण

भरतपुर। भरतपुरस्थित ग्रीनल्यान्ड पब्लिक स्कुलमा आयोजित दन्त शिविरमा ६०० विद्यार्थीले सेवा लिएका छन्।

चितवन मेडिकल कलेजको प्राविधिक सहयोगमा स्कुल परिसरमा भएको शिविरमा कक्षा ६ देखि १२ सम्मका ६०० बढी विद्यार्थीले दन्त परीक्षण गराएको स्कुल नर्स सुरूचि कँडेलले जानकारी दिइन्।

शिविरमा दन्त परीक्षणसँगै विद्यार्थीहरुलाई मुख स्वास्थ्यसम्बन्धी सचेतना पनि दिइएको थियो।

सोही क्रममा विद्यार्थीहरुलाई दाँतको सरसफाइ, ब्रस गर्ने सही तरिका तथा दाँतसम्बन्धी समस्याबाट बच्ने उपायबारे पनि जानकारी दिइएको थियो। दन्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले विद्यार्थीहरुको दाँत परीक्षण गर्दै आवश्यक परामर्शसमेत दिएका थिए।

विद्यार्थीहरुको दाँत तथा मुखको स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले डेन्टल शिविर आयोजना गरिएको स्कुलका सहप्राचार्य उपेन्द्र आचार्यले बताए।

## ‘पहिचान ...

उनको भनाइ थियो।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) चितवनका अध्यक्ष सागर कुमालले आदिवासी जनजातिका मुद्दा, अधिकार, भाषा, संस्कृति र पहिचानका सवाललाई सञ्चारमाध्यममार्फत समाजसम्म पुऱ्याउन पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको बताए।

उनले आदिवासी जनजाति समुदायका गतिविधि तथा मुद्दालाई प्राथमिकताका साथ उठाउँदै उनीहरूको आवाजलाई अझ बुलन्द बनाउन नेफिन चितवन एकताबद्ध भएर अघि बढ्ने बताए।

त्यस्तै, थारु कल्याणकारिणी सभा चितवनका अध्यक्ष ललित चौधरीले आदिवासी जनजातिको संस्कृति र परम्पराको संरक्षणका लागि समुदायस्तरबाटै निरन्तर पहल आवश्यक रहेको बताए।

उनले सबै जातजातिको मौलिक पहिचानको सम्मान गर्दै विविधतामा एकताको भावना विकास गर्नुपर्नेमा जोड दिए। साथै, आदिवासी जनजातिको भाषा, संस्कृति र पहिचान संरक्षणका लागि स्थानीय तहहरूले नीतिगत रूपमा पहल गर्नुपर्ने धारणा राखे।

कार्यक्रममा चितवनमा रहेका विभिन्न आदिवासी जनजाति समुदायका सांस्कृतिक प्रस्तुति समेत प्रस्तुत गरिएको थियो। विभिन्न जातजातिका रेम वक, नृत्य, भेषभूषा तथा मौलिक संस्कृति झल्काउने प्रस्तुतिले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो। नेपाल आदिवासी जनजाति महिला महासंघ चितवनका अध्यक्ष शोभा थापा मगरको संयोजकत्वमा रेम वक र साँस्कृतिक कार्यक्रम भएको हो।

कार्यक्रममा रेम वर्कमा सहभागी तथा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रोत्साहनस्वरूप प्रशंसापत्र प्रदान गरिएको थियो। कार्यक्रम सफल बनाउन सहयोग गर्ने विभिन्न जाति तथा समुदायका संघसंस्था तथा अतिथिहरुलाई मायाको चिनो तथा प्रशंसापत्र प्रदान गरिएको थियो।

यसैबीच नेफिनका संस्थापक अध्यक्ष ओम गौचम र पूर्वअध्यक्ष पदमबहादुर गुरुङलाई कावा मेयर अधिकारी र नेफिनका अध्यक्ष सागर कुमालले संयुक्त रुपमा दोसल्ला ओढाई सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो।

समाचारका माध्यमबाट संस्थाको गतिविधि तथा आदिवासी जनजातिका सवाललाई समाजसम्म पुऱ्याउन योगदान पुऱ्याएको भन्दै संस्थागत रुपमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) चितवनलाई सम्मान गरिएको थियो।

नेफिन चितवनका अध्यक्ष सागर कुमालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव मिलन थापा मगरले गरेका थिए भने उपाध्यक्ष बाबुलाल थिङले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

विश्व आदिवासी दिवसको अवसरमा आयोजित कार्यक्रमले चितवनमा रहेका विभिन्न आदिवासी जनजाति समुदायबीच आपसी एकता, सहकार्य तथा मौलिक भाषा, संस्कृति र पहिचानको संरक्षणका लागि सकारात्मक सन्देश दिएको विश्वास गरिएको छ।

## अक्षयकोष ...

मिडिया डटकमका सञ्चालक आशिक राना र इच्छाकामना न्यूज डटकमका सञ्चालक चित्र सोल्टी गुरुङलाई सम्मान गरिएको थियो। उनीहरूलाई सम्मानपत्र र दोसल्ला प्रदान गरी सम्मान गरिएको हो। सोही अवसरमा यसअघि नै (माघ १५ गते, २०८२) संस्थागत सम्मान गरिएको सेतो नेपालका संचालक सन्तकुमार चौधरीलाई पनि सम्मान पत्र हस्तान्तरण गरिएको थियो।

यसै अवसरमा फोनिज चितवनले स्थापना गर्न लागेको अक्षय कोषका लागि आर्थिक सहयोग जुटेको छ। फोनिज चितवनका अध्यक्ष तुलमान गुरुङले १५ हजार रुपैयाँ, न्यूजप्रवाह डटकमकी शाखा प्रमुख विना तामाङले ५ हजार ५ सय ५५ रुपैयाँ, फोनिज बागमती प्रदेशका पूर्व उपाध्यक्ष राजेश रुम्बाले ११ हजार १ सय ११ रुपैयाँ, फोनिजकर्मी विनिता श्रेष्ठले ७ हजार ७ सय ७७ रुपैयाँ, फोनिजकर्मी उमेश श्रेष्ठले ५ हजार ५ सय ५५ रुपैयाँ, बिहानी मिडियाका सञ्चालक आशिक रानाले ५ हजार ५ सय ५५ रुपैयाँ, नेपाल आदिवासी जनजाति महिला महासंघ चितवनकी अध्यक्ष शोभा थापामगरले ४ हजार रुपैयाँ तथा भरतपुर-२ निवासी चन्दा गुरुङले ५ हजार रुपैयाँ सहयोग प्रदान गरेका छन्।

फोनिज चितवनका अनुसार यसअघि संस्थाको बैठकबाट अक्षय कोषका लागि २० हजार रुपैयाँ छुट्याइएको थियो भने हालसम्म ७९ हजार ५ सय ५३ रुपैयाँ संकलन भइसकेको जनाएको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष बसन्त पराजुली, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय समिति चितवनका अध्यक्ष सागर कुमाल, नेपाल आदिवासी जनजाति महिला महासंघ चितवनका अध्यक्ष शोभा थापामगर, फोनिजका संस्थापक अध्यक्ष सन्तकुमार चौधरी, तामाङ पत्रकार संघ चितवनका अध्यक्ष प्रकाश तामाङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। वक्ताहरूले व्यावसायिक पत्रकारितासँगै आदिवासी जनजातिका अधिकार, भाषा, संस्कृति र आवाजलाई सशक्त रूपमा उठाउन फोनिजले निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे।

फोनिज चितवनका अध्यक्ष तुलमान गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव आशिक रानाले गरेका थिए भने उपाध्यक्ष उर्गेन तामाङले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा स्थानीय सञ्चारकर्मी, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा जनजाति समुदायका अगुवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## खोरसोर ...

छन्। नदीबाट अण्डा जम्मा गरेर बच्चा हुर्काउने गरिन्छ। यहाँ हुर्किएका गोहीका बच्चा नदीमा छोड्ने गरिएको छ। माउसँग खेल्दै गरेका हात्तीका छावा र पानीमा तैरिरहेका गोही हेर्न पर्यटक रुचाउने गर्छन्।


Babilal Tamang
: 9845067414

NP newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714

Services :
- Advertisement
- Color Print
- Computer Type
- Bill / Rasid print
- Wedding Card
- Pri-ink Nylon Stamp
- Visiting card
- Magzine Design
- Number Plate

All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# देउखुरी र चितवन उवासंघबीच व्यावसायिक छलफल

भरतपुर। देउखुरी उद्योग वाणिज्य संघको भ्रमण टोली र चितवन उद्योग वाणिज्य संघका पदाधिकारी एवम् कार्यसमितिबीच व्यावसायिक छलफल गरिएको छ। दुई संघबीच आपसी समन्वय, व्यावसायिक हित तथा संस्थागत विकासका विषयमा छलफल गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको हो।




कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले भ्रमण टोलीलाई स्वागत गर्दै स्थानीय उद्योग व्यवसायको वर्तमान अवस्था, उद्योगी व्यवसायीका समस्या र चितवन उद्योग वाणिज्य संघले गर्दै आएका गतिविधिबारे प्रकाश पारे। उनले दुई संघहरुबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै उद्योगी व्यवसायीका साझा मुद्दाहरुमा सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य एवम् चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमनकुमार श्रेष्ठले निजी क्षेत्रको सशक्तीकरण र संघसंस्थाबीचको आपसी सिकाइ तथा अनुभव आदानप्रदानको महत्त्वबारे बताउँदै नेपाल उद्योग वाणिज्य महासंघले कार्यान्वयनका लागि ल्याएको योजनाका बारेमा जानकारी गराएका थिए।

देउखुरी उद्योग वाणिज्य संघका अध्यक्ष कमलजङ्ग सिंह ठकुरीले न्यानो स्वागत तथा आतिथ्यताका लागि धन्यवाद ज्ञापन गर्दै भ्रमणका क्रममा हासिल भएका अनुभव र सिकाइले देउखुरी उद्योग वाणिज्य संघको आगामी कार्यदिशामा थप मद्दत पुग्ने विश्वास व्यक्त गर्दै आफ्नो संघका क्रियाकलापका बारेमा जानकारी गराए।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण प्रधान, जनक पौडेल, कार्यकारी निर्देशक नीलबहादुर केसी, संघका कार्यसमिति सदस्यहरुलगायत देउखुरी उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो। वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले गरेका थिए।

# नि:शुल्क स्वास्थ्य शिविरमा ५२८ जना लाभान्वित

कालिका। चितवनको कालिकामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। ग्रीन सोसाइटी नेपाल रत्ननगर-७, सौराहाको आयोजना तथा शान्ति सेवा गृह तिलगङ्गा काठमाडौंको प्राविधिक सहयोगमा श्री राष्ट्रिय माध्यमिक विद्यालय मझवाङ, सिद्धिमा विशेषज्ञ चिकित्सकद्वारा मिनी अस्पताल सञ्चालन गरी नि:शुल्क स्वास्थ्य शिविर गरिएको हो।

उक्त शिविरमा सुगर तथा प्रेसर, टिटानस भ्याक्सिन, जनरल हेल्थ, दन्त सेवा, फिजियोथेरापी, बालरोग, स्त्रीरोग, रक्त परीक्षण, सामान्य जाँच, आँखा जाँच गरिएको थियो। शिविरमा ५२८ जनाको स्वास्थ्य परीक्षण गरिनुका साथै नि:शुल्करुपमा औषधि, ब्रस, मञ्जन, लिटो, सेनेटरी प्याड वितरण गरिएको ग्रीन सोसाइटी नेपालका महासचिव सिरलाल परियारले जानकारी दिए।

कालिकाका १० र ११ वडावासीको स्वास्थ्य परीक्षण र विभिन्न रोग लागेर अन्यत्र गएर चेकजाँच गर्न नपाएकाहरुको उपचार गर्ने उद्देश्यले बृहत् नि:शुल्क स्वास्थ्य शिशिर राखिएको हो। घरछेउमै विभिन्न रोगको परीक्षण गर्न पाउँदा बिरामीहरुलाई सहज भएको उनको भनाइ छ। शिविरमा काठमाडौंबाट आएका ३० जना चिकित्सकको टोलीले परीक्षण गरेको थियो।

कालिका नगरपालिकाका नगरप्रमुख विनोद रेग्मीले दुर्गम गाउँबस्तीका स्थानीयले रोग पालेर बस्नुपर्ने अवस्थाको अन्त्य गर्ने गरी विशेषरुपमा यो शिविरको आयोजना गरिदिने ग्रीन सोसाइटी नेपाल र शान्ति सेवा गृह तिलगङ्गा काठमाडौंलगायत सम्पूर्ण टिमलाई धन्यवाद दिए।

दुर्गम गाउँबस्तीमा रोग पाल्दै बस्न बाध्य भएका स्थानीयहरुको सहजताका लागि शान्ति सेवा गृह तिलगङ्गा काठमाडौंले मझवाङ विद्यालयमा विशेषज्ञ चिकित्सकद्वारा सो शिविर सञ्चालन गरेको शान्ति सेवा गृह तिलगङ्गा काठमाडौंका व्यवस्थापक बिजेन्द्र कुँवरले बताए।

स्वास्थ्य जाँच गराउनेमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको सङ्ख्या बढी भएको कुँवरको भनाइ छ। 'यहाँ स्वास्थ्य जाँच गराउन आउनुभएकामध्ये धेरैजसो महिला, बालबालिका ज्येष्ठ नागरिक हुनुहुन्छ', उनले भने, 'यो पालिका कालिकाको दुर्गम पालिकाअन्तर्गत पर्ने र यहाँका विपन्न नागरिकको अस्पतालमा प्रत्यक्ष पहुँच नहुने हुँदा हामीले नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेका हौं।'

कार्यक्रममा सामाजिक अभियन्ता केशव आचार्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानाध्यापकलगायतको सहभागिता रहेको थियो।







## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा नि:शुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**नि:शुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

